# आरुघाट गाउँपालिका

# गाउँसभाको सचिवालय

## आरुघाट, गोरखा

# १८ औं गाउँसभा

# हिउँदे अधिवेशन

*मिति : २०८२ चैत्र २७ गते*

*१८ औं गाउँसभा*

आरुघाट गाउँपालिकाका उपाध्यक्षज्यू,

प्रमुख प्रशासकीय अधिकृतज्यू,

वडा अध्यक्षज्यूहरु,

गाउँकार्यपालिका सदस्यज्यूहरु,

गाउँ सभाका सदस्यज्यूहरु,

राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षाकर्मीहरु, पत्रकारहरु, बुद्धिजीवी तथा समाजसेवी महानुभावहरु,

आज हामी आरुघाट गाउँपालिकाको १८ औं हिउँदे गाउँसभाको अवसरमा यहाँ उपस्थित भएका छौं। यस महत्वपूर्ण अधिवेशनले हाम्रो गाउँपालिकाको वर्तमान अवस्थाको समीक्षा गर्दै आगामी मार्गचित्र तय गर्ने ऐतिहासिक जिम्मेवारी बोकेको छ।यस महत्वपूर्ण सभामा उपस्थित भई गाउँपालिकाको समग्र अवस्था, उपलब्धि, चुनौती र भावी योजनाबारे विचार आदानप्रदान गर्ने अवसर पाएकोमा म गौरवान्वित महसुस गर्दछु साथै यस अवसरमा म सम्पूर्ण जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी तथा आम नागरिकप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता एवं राष्ट्रिय हित र रक्षाका निमित्त इतिहासका विभिन्न कालखण्डमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने जेन्जी सहिद लगाएत ज्ञात अज्ञात सहिदहरु प्रति सम्झना एवं सम्मान भाव प्रकट गर्दै घाइतेहरुको शीघ्र स्वास्थ्य लाभका कामना गर्दछु।

नेपालको संविधान २०७२ मार्फत संघीय लोकतान्त्रीक गणतन्त्रात्मक नेपालको स्थापना भएसँगै राजनीतिक संरचनाको रुपमा निर्माण भएका स्थानीय तहहरुले नागरिकको नजिकको सरकारको रुपमा जनताका माग, गुनासा, पिर, मर्का र आवश्यकताहरुलाई नजिकबाट देख्ने, सुन्ने र सम्बोधन गर्ने कार्य गर्दै आइरहेको छ।स्थानीय सरकार वस्ताबमै आवाजबिहिन र पहुँच नभएकाहरुको सरकारको रुपमा स्थापित भएको छ ।

आजको विश्वव्यापीकरणको समयमा देश विदेशमा भएका विकास निर्माण, सेवा प्रवाह र पद्दतिलाई देखेर आफ्नो देशमा पनि सोहि किसिमको पूर्वाधार, पद्दति, विकास निर्माण खोज्नु स्वभाविक नै छ। जनताका माग, आवश्यकता र अपेक्षा असिमित छन, सिमित स्रोत साधनबाट जनताका ती माग र अपेक्षा एकै पटक पुरा गर्न कठिन भइरहेको छ।

गत भदौ २३ र २४ गतेको जेन्जी आन्दोलनका कारण विगठित प्रतिनिधि सभाको निर्वाचन भै ताजा जनादेश अनुसार सरकारले कार्यभार सम्हालेको छ।जनताका माग, आवश्यकता र अपेक्षालाई सिघ्र सम्बोधन गर्दै जनजीविकालाई प्राथमिकता दिन संघीय सरकारलाइ म आग्रह गर्न चाहन्छु।

सभासदस्य ज्युहरु,

अब म, आरुघाट गाउँपालिका भित्रका श्री ५ को वायुगुठी जग्गा र बुढीगण्डकी आयोजनाका कारण परेका समस्याहरुको बारेमा जानकारी गराउन चाहन्छु,

आरुघाट गाउँपालिकाको वडा नं ३, ४, ५ र ६ मा अधिकांश जग्गाहरु श्री ५ को वायुगुठीको नाममा दर्ता रहेको हुँदा उक्त जग्गाहरुको कारोबार रोक्का राखिएको, आम सर्वसाधारणले जग्गा धितो राख्ने, बिक्रि गर्ने कार्यमा असहजता भएको, गाउँपालिकाले सार्वजनिक भवन, खेलमैदान, लगाएतका विकास कार्य गर्न जग्गा प्राप्त गर्न नसकेको अवस्था छ । श्री ५ को वायुगुठी जग्गाको समस्या समाधान गर्न गाउँपालिका तथा वडाअध्यक्षहरु मार्फत संघीय सरकारसंग पटक पटक आग्रह गर्दा समेत समाधान हुन नसकेको तितो यथार्थ हामी सामु छ । यस सम्मानित सभा मार्फत श्री ५ को वायुगुठी जग्गा बिक्रि वितरणको वातावरण वनाउन, जग्गालाई रैकरमा परिणत गर्न संघीय सरकार समक्ष अनुरोध गर्दछु।

बुढीगण्डकी आयोजनाका कारण आरुघाट गाउँपालिका सबै भन्दा बढी प्रभावित बन्न पुगेको छ, गाउँपालिकाको केन्द्र आरुघाट बजार डुबान क्षेत्रमा परेका कारण यस क्षेत्रको विकास समेत प्रभावित भएको छ, संघीय सरकारबाट आयोजनाको मोडालिटी पटक पटक परिवर्तन गर्ने, आयोजना निर्माण सुरु नगर्ने, मुआब्जा वितरण हालसम्म पनि सम्पन्न नगर्ने, विस्थापितहरुको पुनर्वासको व्यवस्थापन नगर्ने, आयोजना क्षेत्रको गाउँपालिकाको प्रशासनिक भवन, वडा कार्यालय, विद्यालय, क्याम्पस, सुरक्षा निकायका कार्यालयहरु, अस्पताल, वित्तीय संस्थाहरुको लागि आवश्यक जग्गाको व्यवस्थापन तथा निर्माणको मोडालिटी एकिन नगर्ने तर आरुघाट क्षेत्रमा विकास आयोजना कार्यान्वयन नगर्न पत्राचार भएबाट नागरिकमा जनआक्रोश बढेको छ। क्षतिपुर्तिको सिद्धान्त अनुसार पनि विकास आयोजना सडक संजालको वैकल्पिक व्यवस्थापन गर्न आरुघाट पहिलो प्राथमिकता पर्नु पर्नेमा त्यसो हुन सकिरहेको छैन। यस समस्या समाधान गर्न गाउँपालिकाले पटक पटक आग्रह गर्दा समेत संघीय सरकार र मातहतका निकायबाट सुनुवाई भएको छैन, यस सम्मानित सभा मार्फत बुढी गण्डकी आयोजना सुरुवात गर्न, रोक्का राखिएका जग्गाहरुको कारोबार फुकुवा गर्न, डुबान क्षेत्रमा सरकारी संरचनाको निर्माण सुरुवात गर्न, विकास आयोजना संचालन गर्दा आरुघाटलाई प्राथमिकतामा राख्न संघीय सरकारलाई अनुरोध गर्दछु।

सभा सदस्य ज्यूहरु,

आरुघाट गाउँपालिकाले चालु आर्थिक वर्ष २०८२/०८३ का लागि "**सम्मुनत, खुसी र सुखी आरुघाट गाउँपालिकावासी**" मूल नारा लिई तर्जुमा गरेको नीति तथा कार्यक्रम र वार्षिक बजेट कार्यक्रमको कार्यान्वयनमा योगदान पुर्याउनुहुने सम्पूर्ण जनप्रतिनिधि राष्ट्रसेवक कर्मचारी, नागरिक समाज, समाजसेवी एवम सरोकारवाला सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

यस आर्थिक वर्षमा हालसम्म गाउँकार्यपालिकाको १० वटा कार्यपालिका बैठक सम्पन्न गरेको छ। कार्यपालिका बैठकले नागरिकका गुनासा, पिर, मर्का, जनजीविकाका सवाललाई सम्बोधन गर्ने गाउँपालिकाको योजना, बजेट तथा कार्यक्रमको कार्यान्वयनलाई सहजीकरण गर्ने सवालमा निर्णयहरु

गरेको छ। गाउँ कार्यपालिकाले यस आर्थिक वर्षमा १० वटा कार्यविधिहरु निर्माण  तथा संशोधन गरी कार्यान्वयनमा ल्याएको छ। कार्यपालिका बैठकले बार्षिक विकास कार्यक्रमको कार्यान्वयनका सन्दर्भमा गरेका निर्णयहरुलाई पारित गरिदिनुहुन सभा समक्ष अनुरोध गर्दछु।

अब म आजको कार्यसूची तर्फ अगाडि बढ्दछु।